# फेदीखोला गाउँपालिका
## फेदीखोला, स्याङ्जा

गाउँ कार्यपालिका बैठक संख्याः ०६-२०८२/०८३

आज मिति २०८३ साल जेठ महिनाको २७ गते बुधबारका दिन यस फेदीखोला गाउँपालिकाका अध्यक्ष श्री घनश्याम सुवेदीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री घनश्याम सुवेदी | | |
| २ | उपाध्यक्ष | श्री देउ कुमारी गुरुङ | | |
| ३ | सचिव | श्री विष्णु प्रसाद पोखरेल | | |
| ४ | सदस्य | श्री अमृत क्षेत्री | | |
| ५ | सदस्य | श्री अविलाश गुरुङ | | |
| ६ | सदस्य | श्री कृष्ण बहादुर रानाभाट | | |
| ७ | सदस्य | श्री ख्याम नारायण पौडेल | | |
| ८ | सदस्य | श्री डिल बहादुर गुरुङ | | |
| ९ | सदस्य | श्री सुमिता मिजार | सुमिता | |
| १० | सदस्य | श्री टेकमया गुरुङ | | |
| ११ | सदस्य | श्री सम्झना वि.क. | सम्झना | |
| १२ | सदस्य | श्री सिमा वि.क. | सीमा | |
| १३ | सदस्य | श्री काले सार्की | काले | |
| १४ | सदस्य | श्री पार्वती कुमारी क्षेत्री | पार्वती | |

**अन्य उपस्थितिः**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रशासकीय अधिकृत | युवराज पौडेल | | |
| २. | स.लेखा अधिकृत | निलकण्ठ लामिछाने | | |
| ३. | स.प्रशासकीय अधिकृत | कमल शर्मा | | |
| | | | | |

# फेदीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक संख्याः ०६/२०८२-०८३

मितिः २०८२ साल जेठ २७ गते बुधवार

समयः ११:०० बजे

स्थानः फेदीखोला गाउँपालिकाको सभाहलमा रहेको बैठक कक्ष

**प्रस्तावहरुः**

1. पाचौ गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा सम्वन्धमा।
2. हालसम्मको खर्च आम्दानी तथा शाखा वडा कार्यालय र स्वास्थ्य चौकी र इकाइको कार्य प्रगति प्रतिवेदन सम्वन्धमा
3. आगामी आ व २०८३।०८४ को नीति तथा कार्यक्रम र बजेट तयारी सम्वन्धमा सम्वन्धमा ।
4. IPM कृषक दिवस तथा मौरी दिवस मनाउने सम्वन्धमा ।
5. स्थानीय स्काउटको कार्यक्रम सम्वन्धमा
6. सरकारी तथा सार्वजनिक जग्गामा भएका अवैध सरचना हटाउने सम्वन्धमा
7. विद्यालय समायोजन तथा व्यवस्थापन सम्वन्धमा सम्वन्धमा
8. आ व २०८३।०८४ को लागि जग्गाको न्युनतम मुल्याङ्कन सम्वन्धमा

विविध

9. जेसी अडिट बाट प्राप्त न लाइ स्विकृत गर्ने सम्वन्धमा
10. रोजगार कार्यक्रम योजना तथा बजेट सम्वन्धमा
11. गल्याम भिर प्राकृतिक स्रोत सम्वन्धमा
12. आर्थिक सहायता सम्वन्धमा
13. रकमान्तर साथै नाम सशोधन सम्वन्धमा

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु:

**निर्णय नं. १**

पाचौ गाँउ कार्यपालिका बैठकको निर्णयको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

**निर्णय नं. २**

आ व २०८२।०८३ जेठ २६ गते सम्मको आन्तरीक आय ११३७१६८९।९३ रुपैया र हालसम्मको खर्च कुल बजेटको ६५।४ प्रतिशत रहेको छ । वैशाख महिना भएका विकास र सेवाप्रवाह सम्वन्धी सवै शाखा वडा कार्यालय र पालिकाको समग्र प्रगति प्रस्तुत कार्यपालिका गरियो।

**निर्णय नं. ३**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको **स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन** अनुसार गाउँपालिकाको बजेट तयारी र निर्माण प्रक्रिया योजनावद्ध रूपमा पुरा गरी गाउँपालिकाले प्रत्येक वर्षको **असार १० गतेभित्र** आफ्नो वार्षिक बजेट गाउँसभामा पेश गरिसक्नुपर्ने कानुनी व्यवस्था अनुसार तपिसल बमोजिम कार्यतालिका निर्माण गरिएको छ । सोही बमोजिम आवश्यक कार्य गर्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | राजव परामर्श समितिको बैठक | २०८३ जेठ २९ गते | बिहान ८:०० बजे |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निधारण समित बैठक | २०८३ जेठ २९ गते | दिउँसो १:०० बजे |
| ३ | वडा समिति बैठक | २०८३ जेठ ३० गते | |
| ४ | टोल स्तरबाट योजना संकलन | २०८३ जेठ ३१, असार १ र २ गते | |
| ५ | वडाबाट योजना तथा कार्यक्रम गाउँपालिकामा पेश | २०८३ असार ३ गते | बेलुका ५ बजे सम्म |
| ६ | संस्थागत विकास तथा सुशासन समिति बैठक | २०८३ असार ४ गते | बिहान ८:०० बजे |
| ७ | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति बैठक | २०८३ असार ४ गते | बिहान ८:०० बजे |
| ८ | लेखा समिति बैठक | २०८३ असार ४ गते | दिउँसो १:०० बजे |
| ९ | सामाजिक विकास समिति बैठक | २०८३ असार ४ गते | दिउँसो १:०० बजे |

2083/02/26

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १० | आर्थिक विकास समिति बैठक | २०८३ असार ५ गते | बिहान ९:०० बजे |
| ११ | पूर्वाधार विकास समिति बैठक | २०८३ असार ५ गते | बिहान ९:०० बजे |
| १२ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८३ असार ६ गते | बिहान १०:०० बजे |
| १३ | नीति तथा कार्यक्रम र बजेट तयारी | २०८३ असार ७ र ८ गते | |
| १४ | कार्यपालिका बैठक | २०८३ असार ९ गते | बिहान ११:०० बजे |
| १५ | गाउँ सभा (नीति बजेट तथा कार्यक्रम प्रस्तुत) | २०८३ असार १० गते | बिहान ११:०० बजे |

**निर्णय नं. ४**

मिति २०८३ असार ४ गते IPM कृषक दिवस तथा फेदीखोला मौरी दिवस पालिकाले मनाउने सो कार्यक्रम कृषि तथा स्थानीय उत्पादनको विक्रिवितरण साथै बजारीकरण, कृषी कार्यक्रका विषयमा कृषकहरु साथै अन्य आगन्तुकहरु र क्रेताहरु माझ जानकारी सुचना सञ्चार र साथै कृषिमा प्रविधी लगायतका विषयमा जानकारी गराउनका लागि शशर्त कार्यक्रम अन्तरगतको स्थानीय उत्पादन बजारीकरण सहयोग कार्यक्रम बाट खर्च व्यवस्थापन गर्ने गरी कार्यकम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक, आध्यात्मिक र संवेगात्मक भावनाको विकासका साथै समाजमा पर्न सक्ने बाढी, पहिरो जस्ता प्राकृतिक विपत्ति वा महामारीको समयमा राहत उद्धार र पुनस्थापना जस्ता विषयमा युवाहरुलाइ परिचालन गर्न, युवाहरूलाई अनुशासन सिकाउँदै कुलत र दुर्व्यसनीबाट बचाउने विभिन्न सचेतनामूलक अभियानहरू सञ्चालन गर्नका लागि गाउँपालिकामा स्थानीय स्काउट गठन गरी काम कारवाही गरिरहेको छ । गाँउपालिकाले स्थानीय स्काउट कार्यालयका लागि रु १००००० विनियोजन भएकोमा स्काउटका लागि कार्यक्रम सञ्चालन गर्न उक्त रकम अपुग भएकोले वडा न २ को लागि बुक फ्रि फ्राइडे कार्यक्रम शिर्षक बाट रु १ एक लाख र विद्यार्थी सँग अध्यक्ष कार्यक्रमबाट रु १ लाख गरी जम्मा ३ लाखमा स्काउट सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

फेदीखोला गाँउपालिका भित्रका सरकारी, सार्वजनिक, ऐलानी वा पर्ती जग्गाहरू कसैले अवैध रूपमा कब्जा गरेको, घरटहरा बनाएको वा दुरुपयोग गरेको भए सोको विवरण,

२०८३।०३।२६

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

सूचना वा प्रमाण जिल्ला प्रशासन कार्यालय मा १० दिन भित्र उपलव्ध गराउने निणर्य गरियो ।

**निर्णय नं. ७**

संविधानले आधारभुत र माध्यामिक शिक्षाको अधिकार स्थानीय तहलाई दिए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरूको नियमन, नक्साङ्कन, अनुमति, स्वीकृति, र **विद्यालय समायोजन (मर्ज)** गर्ने अधिकार स्थानीय सरकार मा निहित रहेकोले मा विद्यालय मर्ज हुन सक्ने आधार र मापदण्ड अनुसार विद्यालयका समायोजनका प्रकृया पुरा गरी वडा समितिको सिफारिस, कार्यपालिकावाट निर्णय र स्वीकृत बमोजिम मर्ज भएका विद्यालयहरूको सम्पूर्ण चल-अचल सम्पत्ति, खाता, र विद्यार्थीको अभिलेख (रेकर्ड) मूल विद्यालयमा हस्तान्तरण गर्ने शिक्षक तथा कर्मचारीहरूलाई हालका लागि मुल विद्यालयमा काज सरुवा गर्ने निर्णय गरियो ।
फेदीखोला गाँउपालिका वडा न ३ गहतेरा स्थित श्री देउराली आ वि मा अध्ययनरत विद्यार्थी सख्या अत्यन्त न्यून रहेको प्रति बर्ष विद्यालय छोड्ने तथा कक्षा छोड्ने सख्या बढ्दो भएको अवस्थालाई मध्ये नजर गर्दै उक्त विद्यालयको मिति २०८३।०१।२५ गते विद्यालय व्यवस्थापन समिति बैठक निर्णयानुसार हाल ECD देखि कक्षा ५ सम्म कक्षा सञ्चालन भएकोमा कक्षा ४ र ५ घटाउने र कक्षा ECD देखि कक्षा ३ सम्म मात्र उक्त विद्यालयमा सञ्चालन गर्ने विद्यालयमा कार्यरत शिक्षकहरु को व्यवस्थापन पालिकाले गर्ने भनि निर्णय साथै श्री देउराली आधारभुत विद्यालयका अध्यक्ष श्री प्रेम प्रसाद पाध्या सुवेदी र प्रधानांध्यापक श्री रुद्र प्रसाद पौडेलले गाउँपालिकालाई समग्र स्थिति खुलाई पेश गर्न भएको पत्र सहित आधार मानी सोही बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।
वडा न २ स्थित श्री महेन्द्र जनसहयोग आधारभुत विद्यालय सिर्जना भएको आन्

**निर्णय नं. ८**

मालपोत कार्यालयले निर्धारण गर्ने **जग्गाको न्यूनतम मूल्याङ्कन** जग्गाको खरिद-बिक्री गर्दा **लाग्ने सरकारी कर (रजिष्ट्रेशन दस्तुर र लाभकर) निर्धारण गर्ने मुख्य** आधार हो। यो मूल्याङ्कन प्रत्येक आर्थिक वर्षका लागि जिल्लामा जग्गाको न्यूनतम मूल्याङ्कन समितिले निर्धारण गर्दछ ।सो निर्धारण गर्नका लागि मिति २०८३ जेठ २६ गते मगलवार बसेको राजश्व परामर्श समिति को बैठकले सिफारिश गरेको हुनाले सोही बमोजिम गरी भुमी प्रशासन कार्यालय स्याङ्गजालाइ दररेट निर्धारणका लागि सिफारिश गर्ने निण गरियो ।

२०८३/०२/२६

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश,
२०७३

अनुसूची -१

| १.कृषि योग्य जग्गा | | |
|---|---|---|
| साविक गा.वि.स. | ( आर्थिक वर्ष २०८२/०८३ जग्गाको न्यूनतम मूल्याङ्कन ) प्रति रोपनी | ( आर्थिक वर्ष २०८३/०८४ जग्गाको न्यूनतम मूल्याङ्कन ) प्रति रोपनी |
| (घ) फेदीखोला ( वडा१,२,३,४,६,७,८,९) | १,५१,२५० /- | १,५१,२५० /- |
| (ख) आरुखर्क गा.वि.स. को गलेम क्षेत्र (भिरखण्ड माथिल्लो भेग) (वडा १,२ र ३) | ८४,७०० /- | ८४,७०० /- |
| (ग) आरुखर्क गा.वि.स. को आरुखर्क क्षेत्र (भिरखण्ड तल्लो भेग) (वडा ४,५,६,७,८,९) | १३३,१०० /- | १३३,१०० /- |
| (घ) सेतिदोभान (वडा १,२) | १२१,००० /- | १२१,००० /- |
| (ङ) वाङ्सिङ (वडा ६,७,८,९) | ८४,७०० /- | ८४,७०० /- |

| आवासीय/व्यवसायिक जग्गा | | |
|---|---|---|
| (क) साविक फेदीखोला गा.वि.स. अन्तर्गत | (आर्थिक वर्ष २०८२/०८३ जग्गाको न्यूनतम मूल्याङ्कन ) प्रति रोपनी | (आर्थिक वर्ष २०८३/०८४ जग्गाको न्यूनतम मूल्याङ्कन ) प्रति रोपनी |
| (घ) फेदीखोला वडा नं.१ मा पर्ने सिद्दार्थ राजमार्ग दायाँबायाँ कित्ता नं. ९८४, ९८५, ९९५, १०११, १०३६, ११०२, ११०९, ११५४, ११९४, १५०१, १५१७, १७५०, १७५४, १७५५, १७५८, १७६३, १७८३, १७८७, १७९०, १७९६, १७९८, १८०५, १९९३, १९९६, १९९८, १९९९, २०००, २४१०, २४१२, २४१३, २४१८, २४१९, २७२०, २९३१, २९९०, ३०९०, ३०९१, ३२३०, ३२८९, ३४९०, ३४९१, ३७०४, ३७०५, ३७०६, ३७०७, ३८३०, ३८७२, ३९०७ र सो रहको आवासीय/व्यवसायीक जग्गाहरु । | ४४,२२,०००/- | ४४,२२,०००/- |
| (२) फेदीखोला बजार वडा नं. २ मा पर्ने सिद्दार्थ राजमार्ग दायाँबायाँ कित्ता नं.: ४४४ देखी ४४८ सम्म , ४५०, २२७८, २२७९, २२८०, २२८१, २२८२, २२८४, २२८५, २३०२, २३०४, १७३०, १७३१, २३०६, १५९४, १५९६, १५९३, १५९४, २३१४, २३२२, २३४७, ४६४, ५७३, ५८७, ५८८, ५९४, ६०४ देखी ६१२ सम्म, ६२७, ६३५, ११६४, ३०७७, ३०७८, ३०९९, १५४५, १७८०, १७८१, १८७०, १८७१, १८७२, १६७०, ५२६, ५३०, १६०१, १६०२, १६०३, १७४८, १७४९, १६७८, १६७९, २२२२, २१४३, ५३१, ५३२, १७७०, १७७१, १७७२, २५५८, २५५९, २५१९, २५२०, २२९२, १८३७, १८२८, १८२९, २५०७, २५०८, २१०९, २११०, २१११, १४६२, १४६३, १४६४, १४६५, १४६६, १४७६, १४६८, २२७७, २०१४, २०१५, २१२४, २१२५, ३०२५, ३०२६, १९७६, १९७७, २३१५, २६७१, २६७२, २८२३, २६३८ र सो रहको आवासीय/व्यवसायीक जग्गाहरु । | ४६,२०,०००/- | |

2082/08/26

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला गाउँपालिका
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| (३) फेदीखोला वडा नं. ७ मा पर्ने सिद्दार्थ राजमार्ग दायाँबायाँ कित्ता नं.: २५, ३४,७३९, १२८, १४१, १४९, १६१, १६७, १६९, १७०, १७९, १८५, २०२, ६२५, ७१६, १०००, १००१, १००३, १००६, १००७, १००८, १००९, १०१०, १०११, १०१२, १०१३, १०१५, १०१६, १०१७, ११५४, ११५५, ११५६, ११६५, ११६९, ११७४, १३२६, १३२७, १४४८, १४७६, १४८९, १५१०, १५११, १५६५, १५६६, १५७५, १६४६ र सो सरहका आवासीय /व्यवसायीक जग्गाहरु | ४६,२०,०००/- | ४६,२०,०००/- |
| (४) फेदीखोला वडा नं. ९ मा पर्ने पर्सेभाटि, कूभिन्डे बजार पर्ने सिद्दार्थ राजमार्ग दायाँवायाँ कित्ता न.:६०८, ६१५, ६२५, ६७०, ७१०, ७१६, ७४४, ८००, ८०५, ९२३, १०६३, १२२६, १२५१, १२५६, १२६९, १३१०, १३३९, १६८९, १७४७, १७५९ १९२८, १९६९, २२५५, २३१६ र सो आवासीय/ व्यावसायीक जग्गाहरु। | ४६,२०,०००/- | ४६,२०,०००/- |
| (५) फेदीखोला वडा नं. २ मा पर्ने फेदीखोला रिडरोड वरिपरी पर्ने पक्की सडकको दायाँवायाँ पर्ने कित्ता नं. : २३२, ३२३, ३२७ देखी ३४१ सम्म,३४३ देखी ३५४ सम्म, ३५६, ३७५, ३५८, ३८२ देखी ४०५ सम्म ४०९ देखी ४४३ सम्म ५७४ देखी ५८५ सम्म ५८९ देखी ५९३ सम्म ५९५ देखी ५९८ सम्म ,६०० देखी ६०३ सम्म, ६१४ देखी ६२६ सम्म, ६२८ देखी ६६१ सम्म, १५६५, १५६६, १५६७, १५८३, १५८४, १५८५, १५८७, १६२४, १६२५, १६२६, १९८८, २००४, २००५, २००६, २००८, २०१४, २०१५, २०३९, २०४१, २०६२, २०७२, २०७४, २०७५, २०९७, २११६, २११७, २१३४, २१३५, २१४२, २१४३, २१४६, २१९६, २१९८, २१९९, २२३९, २२२६, २६६४, २६६५, २६६६, २६७०, २७२४ र सो सरहका आवासीय/व्यावसायीक जग्गाहरु। | ४६,२०,०००/- | ४६,२०,०००/- |
| (६) फेदीखोला वडा नं. ८ मा रहेको आधारभुत अस्पताल क्षेत्रको दायाँबायाँ रहेका कित्ता न: ११०९, १११०, ११११, १११५, ११४२, ११५१, ११५३, १३९५, १५१०, १७९९, १८०१, १८०३, २०९८, २३२९, २३४७, २५१०, २५११, २५१२, २५४८, २५७८, २७०१, २७१६, २७२५,२७२६ र सो सरहका आवासीय जग्गाहरु। | ४६,२०,०००/- | ४६,२०,०००/- |
| (७) फेदीखोला वडा नं. २ मा प्रशासकीय भवन क्षेत्रको दायाँबायाँ रहेका कित्ता नं ३०६, ३२८ देखी ३३० सम्म, ३३५ २५०७, २५०८, २५४१, २५४२, २६०२, २६०३, २६१४, २६८४, २६८५, २६८६, २६८७, २७५० र सो सरहका आवासीय जग्गाहरु। | ४६,२०,०००/- | ४६,२०,०००/- |
| हालको वडा नं. १ अन्तर्रगतका जग्गाहरु | | |
| (८) कुविन्डे देखि फेदीखोला गा.पा. वडा नं. १ को कार्यलय हुदै राम्चेदेवीसम्म नुवाकोट जाने पक्की मोटरबाटोको दायाँबायाँका आवासीय जग्गाहरु । | १३,२०,०००/- | १३,२०,०००/- |
| (९) फेदीखोला गाउँपालिकाको प्रशासकीय भवन हुँदै खड्का गाउँ- मट्टीखान जोड्ने मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ८००,०००/- | ८००,०००/- |
| (१०) सर्केटारी -कटुजेस्वाँरा -गुदुम मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (११) कुभिण्डे -डाडाँगाम- गुर्दुम मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (१२)कुभिण्डे-डाँडागाम-कोलाकोचौर-गुर्दम मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (१३) साढि-चारघरे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (१४)भिरमुनि- डाडाँ मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (१५)पर्सेभाटी-दामगाडे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (१६)मट्टिखान- चारघरे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | [illegible] |
| हालको वडा नं.२ अन्तर्रगतका जग्गाहरु | | |
| (१७) फेदीखोला गा.पा को प्रहरी चौकी हुँदै मिरुडाँडा- देउराली पक्की मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | १,५८४,०००/- | १,५[illegible] |

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| (१८) फेदीखोला बजारदेखि स्थानचौर-बहाटारी हुँदै सर्केटारी जोड्ने मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ९००,०००/- | ९००,०००/- |
| (१९) खड्केटारी- खहरे हुँदै मिरुडाँडा जोड्ने मोटर बाटोको दायाँबायाँकाआवासीय जग्गाहरू। | ८००,०००/- | ८००,०००/- |
| (२०) बडाचौर -लामखोरिया मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२१) फेदीखोला-सिरस्वाँरा देउराली मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२२) देउराली-थापाटोल मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२३) पैरे- खत्रीरह-बाखे तिलस्वाँरा मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२४) खत्रीरह- सराइदी -गाँडाबास मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२५) कुखुरेखोला -चनौटे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२६) चनौटे- थुम्की -सुवेदीथोक मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| हालको वडा नं.३ अन्तर्गतका जग्गाहरु | | |
| (२७) अधिकारीडाँडा- सेतिदोभान मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (२८) साउनेपानी -पातीहाल्ना मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| हालको वडा नं.४ अन्तर्गतका जग्गाहरु | | |
| (२९) सर्केटारी स्थित घ्याङ्गरुड खोला सिमानाको पक्की पुल देखी हालको फेदीखोला ४ नं. वडा देउराली सम्मको पक्कि सडकको दायाँ बायाँका आवासीय जग्गाहरु। | १,५८४,०००/- | १,५८४,०००/- |
| (३०) वडा नं. ४ को कार्यालय देखी कोट देउराली सम्म ग्रभेल सडक दायाँ बायाँका आवासीय जग्गाहरु। | १,३२०,०००/- | १,३२०,०००/- |
| (३१) शेरबजार-छपालीथोक मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३२) शेरबजार-कुवापानी जैसीडाँडा मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३३) छेलोहाल्ने- वाहाँटारी मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३४) टोड्के -उल्लेरी मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३५) गलेम -दमाहाडुङ्गा -राम्चेदेवी मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| हालको वडा नं.५अन्तर्गतका जग्गाहरु | | |
| (३६) खड्केटारी — बाँगे -पन्चासे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | १,३२०,०००/- | १,३२०,०००/- |
| (३७) पारिको वारी -साहुथर- सम्रेस बांगे मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३८) मैदान- तोरजा मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (३९) गाउँले पधेरा- समरेस- ईलिचि -जलजला मोटर बाटोको दायाँबायाँका आवासीय जग्गाहरू। | ७९२,०००/- | ७९२,०००/- |
| (ख) माथि उल्लेख हुन छुट भएका यस गा.पा. अन्तर्गत मूलमोटर वाटोसँग जोडिने कच्चि बाटोले छोएका आवासीय जग्गाहरु | १,१८८,०००/- | १,१८८,०००/- |
| (ग) माथि उल्लेख हुन छुट भएका यस गा.पा. अन्तर्गत मूल मोटर वाटोसँग जोडिने शाखा मोटर बाटो(कच्चि बाटो समेत) सँग जोडिने सबै उपशाखा बाटोहरु छोएका आवासीय जग्गाहरु | ७९२,०००/- | ७९२,०००/- |
| (घ) यस गा.पा अन्तर्गत गोरेटो, सार्वजनिक डहर बाटोले छोएको भनि उल्लेख भै आएमा सो बमोजिमका आवासीय जग्गाहरु | ५९४,०००/- | ५९४,०००/- |

## निर्णय नं. ९

लैङिगक समानता तथा सामाजिक समावेशिकरण GEDSI Audit परिक्षण र लैङ्गीक उत्तरदायी बजेट Gender Responsive Budget - GRB परिक्षण कार्य सम्पन भएकोले [illegible] प्रतिवेदन सहित मुल्याङ्कन(७०।५) अक लाइ समेत स्विकृत गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

आ व २०८२।०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम शत प्रतिशत साझेदारी मा सञ्चालन हुने आयोजनाहरु

| क्र स | आयोजना | वडा न | विनियोजित रकम |
|---|---|---|---|
| १ | शिव मन्दिर मार्ग स्तरोन्ती | १ | ५०००० |
| २ | आँगेकुना सार्की गाँउ जाने सडक मर्मत | २ | ९००००० |
| ३ | चिप्लटी पर्यटकीय स्थल जाने बाटो मर्मत | ३ | १०००००० |
| ४ | सर्केटारी आरुखर्क गलेम सडक चेनेज ५+४०० देखि ५+५०० सम्म मर्मत | ४ | १८००००० |
| ५ | बागे फड्के पन्चासे भञ्जयाङ पर्यटकीय सडक स्तरोन्नती | ५ | ६००००० |
| ६ | फेदीखोला हाइकिङ एण्ड साइकलिङ रुट सरसफाइ | ६ | १४४००० |
| | जम्मा | | ४९४४००० |

निर्णय नं. ११

गल्याम भिर प्राकृतिक स्रोत राजश्व सम्वन्धमा

स्थानीय-सरकार सञ्चालन ऐन, २०७४ ऐनको दफा ११ र दफा ६२ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रका नदीजन्य तथा खानीजन्य पदार्थको उपयोग, बिक्री र कर संकलनको व्यवस्थापन गर्ने कानुनी अधिकार आधारमा फेदीखोला गाउँपालिका वडा नं. ४ अन्तर्गत पर्ने सर्केटारी—आरुखर्क—गलेम—पञ्चासे सडक खण्डको गलेम भीर क्षेत्रमा निर्माण व्यवसायी कोइराला निर्माण सेवा तथा सम्बद्ध पक्षहरूले सडक चौडा गर्ने, पहिरो हटाउने, प्रतिक्षालय/ठाँटी निर्माणका लागि घडेरी मिलाउने, ह्युम पाइप जडान गर्ने तथा अन्य सार्वजनिक प्रयोजनका कार्य गर्ने क्रममा कटान तथा उत्खनन् गरेको, उत्खनित सामग्री ढुवानी गरी अस्थायी मोबाइल क्रसरमार्फत प्रशोधन गरिएको भन्ने जानकारी यस कार्यालयमा प्राप्त भएकोले गाँउपालिकाको अनुगमन टिमबाट गल्याम भिर प्राकृतिक स्रोत को अवस्था वुझ्दा परिणामको आधारमामा निज कोइराला निर्माण सेवा सँग यस प्रकार राजस्व = रु. ६३,४६०।—जरिवाना = रु. २५,०००।—गरी कुल रु. ८८,४६०। लिनु पर्ने प्राविधिक टोली सहित अनुगमन टोलीबाट ठहर भएकोले सोही बमोजिम राजश्व दाखिला गर्न लगाउने निर्णय भयो ।

निर्णय नं. १२

स्याङ्जा जिल्ला फेदीखोला गाँउपालिका वडा न ५ निवासी शेर बहादुर ... वर्ष २८ की श्री पार्वती भण्डारी क्षेत्री गर्भावस्थाको समयमा उच्च रक्त... मस्तिष्कको मुख्य रक्तनलीमा असर परी अचेत अवस्थामा रही स्वस्थ्य अव... जटिल अवस्थामा रहेको निज हाल हरियो खर्क अस्पताल पोखरामा उपचारत र...

र निजको थप उपचार गर्नु पर्ने भएकोले साथै निजको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको थप उपचारका लागि गाउँपालिका ले रु ५०००० हजार आर्थिक सहायता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

श्री जागृती आमा समूहको भवन निर्माण मा रु १००००० एक लाख वजेट विनियोजन भएको मा सो शिर्षक परिवर्तन गरी जग्गा सरक्षण उल्लेख गरी शिषक परिवर्तन गर्ने निर्णय गरियो । त्यस्तै वडा न १ को सन्तेधारा देखि च्यानडाँडा सम्म जाने मोटर बाटो निर्माणमा रु १००००० विनियोजन भएकोमा कुवरहरुको सवदाह स्थल मर्मत मा रु ५००००। हजार र धरादी ठेउके खोला खानेपानी योजनामा रु ५००००। हजार रकमान्तर गर्ने निर्णय गरियो ।

२०८२।०२।२६